प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, झापा

फोन नं. ०२३-४५२०५३

प.सं. ०८१।८२ (योजना शाखा)

भद्रपुर, झापा

## डिभिजन वन कार्यालय, झापाको जडीबुटी विकास कार्यक्रम/रवर खेती प्रवर्द्धन/वनमा आधारित उद्यमशिलता अभिवृद्दि/लाहा खेती विस्तार/अगरउड/चन्दन खेती व्यवस्थापन कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

(ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०८१।१०।१४ गते)

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय, झापाको आ.व. ०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक समुदायमा आधारित वन समूहहरु/कृषक/कृषक समूह/सहकारी/ वन उद्यमी/ जडीबुटी उद्यमीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र कार्यालय समय भित्र तोकिएको ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु (लाखमा) | छनौट गरिएका पकेट क्षेत्रहरु | प्राथमिकता प्राप्त जडीबुटीहरु | प्रस्ताव पेश गर्नका लागि योग्य साझेदारहरु | न्यूनतम साझेदारी/लगानी |
|---|---|---|---|---|---|---|
| १ | रवर खेती प्रवर्द्धन तथा विकास | रु नौ लाख वरावरको Bud patching बाट उत्पादित गुणस्तरिय रवरका विरुवाहरु उपलब्ध गराइने र संरक्षणको | जिल्ला भरी, सदुपयोग हुन नसकेका रवर खेतीका लागि सम्भाव्य सार्वजनिक, सरकारी तथा निजी जग्गा | | समुदायमा आधारित वन समूहहरु/कम्तीमा २५० भन्दा बढी रवरका विरुवा रोपण गर्न इच्छुक कृषक, सहकारी, समूह/ सार्वजनिक जग्गाको वन उपभोक्ता समूह | विरुवा रोपण गर्न लाग्ने सम्पूर्ण खर्च |

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
भद्रपुर, झापा
फोन नं. ०२३-४५२०५३

प.सं. ०८१।८२ (योजना शाखा)

| | | लागि तारवार | | | | |
|---|---|---|---|---|---|---|
| २ | प्राकृतिक रुपमा रहेका जडिबुटी संरक्षण तथा व्यवस्थापन | ३.०० | जिल्ला भरी | हर्रो, बर्रो, अमला, पिप्ला, पचौली, लेमनग्रास, पामारोजा, सतावरी, तुलसी, अश्वगन्धा, पुनरनवा | समुदायमा आधारित वन समूहहरु | १० प्रतिशत |
| ३ | पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार | ५.०० | गौरादह, भद्रपुर, अर्जनुधारा, मेचीनगर, हल्दिबारी, विर्तामोड, दमक | पामारोजा, पचौली, लेमनग्रास, सतावरी, तुलसी, अश्वगन्धा | समुदायमा आधारित वन समूहहरु | १० प्रतिशत |
| ४ | जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार प्रशोधनका लागि सामाग्री खरिद र व्यवस्थापन | ५.०० | हर्रो, बर्रो, अमला, तेजपात लगायतका जडीबुटीहरु प्रशोधनका लागि आवश्यक सामाग्री, प्याकिङ मेसिन लगायत सामाग्री खरिद तथा उपयोग | | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी | १० प्रतिशत |
| ५ | युवा उद्यम विकास कार्यक्रम (वन पैदावारमा आधारित) | ५.०० | युवा लक्षित वन तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका कार्यक्रमहरु | | विदेशबाट फर्किएका र स्वदेश मै वन तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्यम विकास | १० प्रतिशत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्ने चाहना भएका युवाहरु | |
| ६ | अगरउड/चन्दन खेती व्यवस्थापन | ५.०० | जिल्ला भित्रको सरकारी, सार्वजनिक तथा निजी मध्येको उपयुक्त स्थान, अगरउड/चन्दनको विरुवा उत्पादन, खरिद, खेती विस्तार, वृक्षारोपण, वृक्षारोपण संरक्षण, अगरउड इनाकुलेशन | सा.व.उ.स./ कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी | १० प्रतिशत |
| ७ | वनजन्य उद्यम विकास सहयोग | ५.०० | जिल्ला भरी वन तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्यम विकासका कार्यक्रमहरु | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी | १० प्रतिशत |
| ८ | लाहा खेती विस्तार | ५.०० | जिल्ला भरीका संभाव्य स्थल, लाहा खेतीको लागि Host Plant (कुसुम, बयर, सेमियलता) को विरुवा उपलब्ध गराइने र संरक्षणका लागि बजेट उपलब्ध गराइने । | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/कृषक | १० प्रतिशत |

## संलग्न गर्नुपर्ने कागजातहरु तथा शर्तहरु

१. डिभिजन वन कार्यालय, झापाबाट तोकिएको ढाँचाको प्रस्ताव पत्र,

२. प्रस्तावकको निवेदन/समूहको पत्र,

३. निजीको हकमा नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद,

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
भद्रपुर, झापा
फोन नं. ०२३-४५२०५३

प.सं. ०८१।८२ (योजना शाखा)

४. संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, कार्य समिति/बोर्डको निर्णय,
५. सा.व.उ.स.को हकमा समूह/समितिको निर्णय प्रतिलिपि, स्थायी लेखा नम्वर, समूहको बार्षिक प्रतिवेदन, आ.व.०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन,
६. लागत साझेदारी प्रतिवद्दता पत्र,
७. सम्वन्धित स्थानिय तहको सिफारिस,
८. सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस,
९. विषयगत प्राविधिकबाट तयार गरिएको लागत अनुमान र डिजाइन,
१०. समान प्रकृतिका अनुदान नलिएको स्वघोषणा पत्र,

- एक प्रस्तावकको एक भन्दा बढी कार्यक्रमको लागि पेश गरिएको प्रस्ताव मान्य हुने छैन ।
- लाहा खेती विस्तारको हकमा ब्लक खेती गर्ने प्रस्तावलाई प्राथमिकता दिइनेछ ।
- लागत साझेदारी प्रतिवद्दता पत्र, समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र र प्रस्तावको ढाँचा यस कार्यालयको Web site dfojhapa.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
- प्रस्ताव पेश गर्ने समय सिमा:- २०८१ साल फागुन ४ गते कार्यालय समय भित्र (सो दिन विदा भएमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र) ।
- थप जानकारीको लागि मोवाइल नं. ९८५२६५५१९३ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

इति संवत २०८१ साल माघ महिना १४ गते रोज २ मा शूभम् ।